# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, असोज २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ०९

## भाग ३

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/२४ गतेको बैठकबाट तपसिल अनुसारको जरिबाना वा अतिरिक्त शुल्क नलाग्ने निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

"१. मिति २०८२ साल भाद्र २३ गते देखि २०८२ साल असोज मसान्तसम्मको अवधिभित्र गण्डकी प्रदेश आर्थिक ऐन,२०८२ को दफा ३ को सवारी कर

अन्तर्गत उपदफा (१) बमोजिम लाग्ने वा तिर्नुपर्ने कर, दस्तुर तथा शुल्क तिर्न नपाएका कारण जरिबाना लाग्ने भएमा २०८२ साल कार्तिक मसान्त भित्र तिर्न आएमा कुनै पनि जरिबाना वा अतिरिक्त शुल्क लाग्ने छैन।

२. बुँदा १ मा उल्लिखित छुट सहुलियत वाहेक उक्त अवधिभित्र गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ बमोजिम लाग्ने सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी अन्य कुनै कर, दस्तुर र शुल्क तिर्न नपाएका कारण जरिबाना लाग्ने भएमा २०८२ साल कार्तिक मसान्त भित्र तिर्न आएमा कुनै पनि जरिबाना वा अतिरिक्त शुल्क लाग्ने छैन।"

आज्ञाले,
ई. कमल कुमार अधिकारी
प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय। मूल्य रु.१०।-